International Research Journal of MMC (IRJMMC)

Vol- 5, No. 4, September 2024 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

# “वाणीका बान्की” भित्र नीतिपरक सन्देशहरू

# (Ethical Messages within 'Vaanika Baanki')

DR. MADHUSUDAN LAMICHHANE | DR. DASARATH NEUPANE

*Author affiliations can be found in the back matter of this article

**CORRESPONDING AUTHOR**
**Dr. Madhusudan Lamichhane**
Baneshwar Multiple Campus, Kathmandi
debarshi.madhu@gmail.com

KEYWORDS

क्षमाशीलता

Forgiveness

सदाचार

Virtue

आत्माभिमानी

Self-respect

सर्वोत्कृष्ट

Excellence

जीवनोपयोगी

Useful for Life

ABSTRACT

'वाणीका बान्की' अङ्ग्रेजी सूक्तिको पद्यानुवादभित्रका नौसय उनान्सौवटा सूक्तिहरूमध्ये केही पद्यहरू नीतिपरक सन्देशसँग सम्बन्धित छन् । राजनीति, धर्म, संस्कार, सस्कृति, मनोविज्ञान, नीति चेतना, व्यवहार, दर्शन, कर्तव्य, समाजसेवा, मानवीय गुण आदिका क्षेत्रमा दिइएको सन्देशका बारेमा चर्चा गर्नु नै यस लेखको मूल मर्म हो । पाश्चात्य विद्वान् अर्थात् अङ्ग्रेजी भाषामा अभिव्यक्त भएका महावाणीहरूलाई नेपाली भाषाका विभिन्न शास्त्रीय छन्दहरूको प्रयोग गरेर पद्यानुवाद गरिएका नीति चेतनासँग सम्बन्धित पद्यहरूको पहिचान र विश्लेषण गर्नु नै यस लेखको मूल उद्देश्य हो । पुस्तकालयमा गई सम्बन्धित व्यक्तिको कृति र तत्सँग सम्बन्धित अङ्ग्रेजी भाषामा अभिव्यक्त महावाणीहरूको पठनविधि प्रयोग गरी बाणीका बान्कीभित्र उल्लेख भएकानीति चेतनाका पक्षलाई पद्य विश्लेषण विधिका आधारमा यो लेख तयार गरिएको छ । वाणीका बान्की सङ्ग्रहभित्रका नीतिपरक पद्यहरूलाई प्राथमिक स्रोतका रूपमा मानिएको छ । नीतिसँगसम्बन्धी उल्लेख भएका विविध सामग्रीहरूलाई सहयोगी सामग्रीका रूपमा अपनाइएको छ । नेतृत्वको पहिचान, दुर्जनको अवस्था, मनोविकार, परोपकार र साधना, असफल नेतृत्व, सहनशीलता र आचरणको महत्व, सत्चिन्तन, जीवन्त जीवन, वाणीमा सत्यता, मानवीय गुणहरू, कर्मयोग, विद्याको महिमा, कुसङ्गतको परिणाम, नैतिक दृष्टान्त, राजनीति, सिर्जनशील व्यक्तित्व, कल्पना शक्ति, अनावश्यक चातुर्यता जस्ता विषयहरूमा संबद्ध सन्देश के कसरी प्रस्तुत भएको छ ? गतिशील एवं समुन्नत समाजको निर्माणमा के कस्ता कार्य हुनु आवश्यक छ ? मानवीय गुणहरूको विकास के कसरी गर्न सकिन्छ ? जस्ता विषयसँग सम्बद्ध पद्यहरूको चर्चा गर्न खोजिएको छ । अनन्त आवश्यकताहरूलाई पूर्ति गर्न भौतिक सम्पन्नतातिर दौडिरहेको मानिसको जीवनपद्धतिलाई सरल तथा सरस बनाउनका निम्ति र स्वाभिमानका साथ जीवन जिउने कलाको विकास

Vol- 5, No. 4, September 2024 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

गराउने प्रसङ्गहरू उल्लेख गर्दै नीति चेतनाको उजागर गर्ने प्रयत्न गरिएको छ । यी सामग्रीका माध्यमबाट नैतिक चेतनाका बारेमा खोजी गरिएकोले आजको समाजमा नीतिपरक चेतनाको अध्ययन एवं अनुसन्धान गर्ने अनुसन्धाताहरूका लागि पनि प्रस्तुत लेख्य सामग्री जीवनोपयोगी हुने छ ।

['Vaanika Banki' is a poetic translation of English proverbs. Among the 999 proverbs included in this translation, some poems are related to moral messages. This article's main focus is to discuss the messages given in areas such as politics, religion, customs, culture, psychology, ethical consciousness, behavior, philosophy, duty, social service, and human virtues. The primary objective of this article is to identify and analyze the poems related to ethical consciousness that have been translated into Nepali using various classical meters. The article is prepared based on the poetic analysis method, by reading the related works and the significant English expressions mentioned in 'Vaanika Banki'. The ethical poems within the 'Vaanika Banki' collection are considered primary sources, while various materials related to ethics are adopted as supportive materials. The article discusses topics such as the identification of leadership, the state of villains, mental disorders, philanthropy and practice, failed leadership, the importance of tolerance and behavior, right thinking, vibrant life, truthfulness in speech, human virtues, the glory of education, consequences of bad company, moral anecdotes, politics, creative personality, power of imagination, and unnecessary cleverness. It explores how these messages are presented, what kind of actions are necessary for building a dynamic and advanced society, and how human virtues can be developed. Efforts have been made to highlight ethical consciousness by mentioning aspects that simplify and enrich life, and foster a dignified way of living. As this article investigates ethical consciousness through these materials, it will be useful for researchers studying moral awareness in today's society.]

### १.१ समस्या कथन तथा उद्देश्य

अशान्त, भयभीत, चिन्तित, कर्तव्यबोध नभएका, स्वयं जीवनका बारेमा अनभिज्ञ, दुराचारी, पापाचारी, देशद्रोही, अराजनीतिक, भ्रष्ट र पतित, चिन्ताग्रस्त, षडयन्त्रकारी र मानवीय गुणरहित मानिसका लागि जीवनोपयोगी अङ्ग्रेजीमा रचना गरिएका महावाणीहरूलाई नेपालीमा पद्यानुवाद गरी स्वच्छ एवं समुन्नत समाज निर्माण गर्नु नै यस अनुसन्धानात्मक लेखको समस्या हो । कवि प्रह्लाद पोखे्रलद्वारा यस सूक्ति सङ्ग्रहमा प्रयुक्त नीति चेतनासँग सम्बन्धित पद्यहरूका बारेमा खोजी गर्नु यस अनुसन्धानात्मक लेखको मुख्य प्रयोजन हो । नीति चेतानासँग सम्बन्धित ज्ञान प्रवाह गर्ने क्रममा मनोविकार, परोपकार र साधना, असफल नेतृत्व, सहनशीलता र आचरणको महत्त्व, सत्चिन्तन, जीवन्त जीवन, वाणीमा

सत्यता, मानवीय गुणहरू, कर्मयोग, विद्याको महिमा, कुसङ्गतको परिणाम, नैतिक दृष्टान्त, राजनीति, सिर्जनशील व्यक्तित्व, कल्पना शक्ति, मानिसको मनमा अवस्थित अनावश्यक चातुर्यता आदिको अध्ययन गर्नु यसको उद्देश्य हो।

## १.२ अध्ययनको औचित्य

'वाणीका बान्की' शीर्षकको सूक्तिसङ्ग्रहमा प्रयुक्त ९९९ पद्यहरूमध्ये नीति चेतनासँग सम्बन्धित केही पद्यको विश्लेषणमा यो लेख केन्द्रित छ। सूक्तिसङ्ग्रहमा प्रयुक्त जीवनको कर्तव्यबोधसँग सम्बन्धित केही पद्यहरूको चर्चा गर्नु यसको औचित्य हो।

## १.३ अध्ययनको सीमा

कवि प्रह्लाद पोखेलेको 'वाणीका बान्की' शीर्षकको अङ्ग्रेजी सूक्तिको अनुवाद सङ्ग्रहमा प्रयुक्त ९९९ सूक्तिमय पद्यहरूमा नीति चेतना वा सन्देशसँग आबद्ध पद्यहरूको खोजी र चर्चा गर्नुमा मात्र यो लेख सीमित छ। नैतिक चेतना वा दृष्टान्तलाई विषयकेन्द्री बनाइएको छ। पद्यहरूमा मानवीय चेतनाका नीतिपरक पद्यहरूको चित्रण गरिएको छ। प्रयुक्त कृतिका केही पद्यलाई नैतिक सन्देशको खोजीमा मात्र सीमित रहेको छ।

## १.४ अध्ययनको विधि

वाणीका बान्की (अङ्ग्रेजी सूक्तिको पद्यानुवाद) सङ्ग्रहमा व्यक्त भएका नीतिपरक पद्यहरूको विश्लेषणका माध्यमबाट नीति सन्देशसँग आबद्ध केही पद्यहरूको समीक्षा गरिएको छ। मानव मनका केही कर्तव्यबोधका पक्षहरूलाई विश्लेषण गरिएको छ। सामग्री सङ्कलनमा अङ्ग्रेजी भाषामा रचिएका वा पाश्चात्य विद्वान्का मुखारविन्दबाट उधृत सूक्तिहरू, स्वयं रचनाकारले नेपाली पद्यमा अनुवाद गरेका पद्यहरूको सङ्ग्रहजस्ता सम्बद्ध सामग्रीहरूको प्रयोग गरिएको छ। पुस्तकालयका सामग्रीहरूलाई समेत अध्ययन गरी मूल सामग्रीको चर्चा गरिएको छ। व्याख्याका रूपमा कविका जीवनोपयोगी केही पद्यहरूको अध्ययन र चर्चा गरी विश्लेषणका साथ निष्कर्ष निकालिएको छ।

## २. विषयप्रवेश

'कवि कविता होस्, कविता कवि होस्,
कविता तब पो हुन्छ,
शब्द थुपारीकन के हुन्छ
भाव भए पो हुन्छ।'

प्रस्तुत विचार पारसमणि प्रधानका हुन्। शब्द थुपारेर मात्र केही हुँदैन कविताको ओज बढाउन भाव हुनु नितान्त आवश्यक छ भन्दै कविताको परिभाषा दिएका छन् पारसमणि प्रधानले। साहित्यका विविध विधाहरूमध्ये कविता सबैभन्दा पुरानो श्रवणीय र पठनीय विधा हो। कविताको लामो इतिहास छ। प्राथमिक कालदेखि नै संस्कृत भाषामा रचिएका सामग्रीहरूलाई नेपाली भाषामा पद्यानुवाद गरेर कविता वा काव्यको क्षेत्र विस्तार भएको पाइन्छ। संस्कृत साहित्यका अतुलनीय कवि वेदव्यासले रचना गरेको महाभारत अठार पर्वजस्तो विपुल ग्रन्थलाई नेपाली काव्यमा पद्यानुवाद गर्नेको सङ्ख्या लामै छ। शक्तिबल्लभ अर्ज्यालले महाभारतको विराटपर्वलाई नेपाली भाषामा गद्यानुवाद गरेपछि अनुवाद परम्पराको आरम्भ भएको देखिन्छ। (मधुसूदन लामिछाने: नरेन्द्रनाथ रिमाल प्रणीत महाभारत अठारपर्वको विश्लेषण, पृष्ठ ९४)

संस्कृत महाभारतलाई उपजीव्य ग्रन्थका रूपमा मानेर कुञ्जविलास गौतम, कृष्णप्रसाद रेग्मी, हरिबहादुर थापा, भोजराज शर्मा, होमनाथ खतिवडा, सदाशिव शर्मा, शिखरनाथ सुवेदी, शम्भुप्रसाद ढुङ्गेल, नरेन्द्रनाथ रिमाल, गौरीशङ्कर वशिष्ठ, रामप्रसाद सत्याल, छविकान्त आचार्य, कृष्णप्रसाद रेग्मी, केदारनाथ खतिवडा, गणेशलाल प्रधान, विश्वनाथ शर्मा भट्टराई, विश्नाथ पोख्रेल, नारायण शास्त्री आदिले नेपाली साहित्यमा पद्यानुवादको शृङ्खला अगाडि बढाउँदै ल्याए। (ऐ. पृष्ठ १२७, १२८)

त्यस्तै वाल्मीकिले रचना गरेको अध्यात्म रामायणलाई भानुभक्त आचार्यले काव्यमा पद्यानुवाद गरेर 'भानुभक्तीय रामायण' तयार गरे। व्यासद्वारा रचित प्रमुख पुराणहरू श्रीमद्भागवत, देवीभागवत, शिवपुराण आदिलाई आधार बनाई नेपाली भाषामा कविता काव्यको रचना गरेको पनि पाइन्छ। यसरी संस्कृतमा रचिएका विशाल ग्रन्थलाई नेपाली कवितामा अनुवाद गर्ने परम्परा झाङ्गिएको देखिन्छ। लक्ष्मीप्रसाद देवकोटाद्वारा रचिएको शाकुन्तल महाकाव्यमा

पनि कालिदासले रचना गरेको अभिज्ञान शाकुन्तलम् अत्यधिक प्रभाव परेको देखिन्छ।

अनुवाद परम्पराको नौलो पद्धति वरिष्ठ कवि प्रह्लाद पोखे्रलले पद्यानुवाद गर्नुभएको छ । अङ्ग्रेजी भाषामा अभिव्यक्त महावाणीहरूलाई पोखे्रलले विभिन्न शास्त्रीय छन्दमा अनुवाद गर्नुभएको छ । यो कार्यलाई पहिलो ऐतिहासिक कार्यका रूपमा लिन सकिन्छ । पोखे्रलले विश्वका विशिष्ट दार्शनिकहरूः जस्तो स्वामी विवेकानन्द, हेलन केलर, कन्फुसिअस, अल्वर्ट आइन्टाइन, विस्टन चर्चिल, महात्मा गान्धी, मदर टेरेसा, थोमस पाइन, लियो टाल्सटय, जोन लिओनार्ड, अब्रह्मण लिङ्कन, जर्ज हर्वर्ट, लर्ड वाइरन, ओस्कार वाइल्ड, मार्टिन लुथर, विलियम सेक्सपियर, विष्टन चर्चिल जस्ता ८३० ज्ञात–अज्ञात महापुरुषका महावाणीहरूलाई नेपाली भाषाका विभिन्न शास्त्रीय छन्दमा पद्यानुवाद गर्नु सामान्य कार्य होइन। यस्तो कठिन कार्यका लागि कवि प्रह्लाद पोखे्रल साधुवादका पात्र बन्नुभएको छ।

## ३. व्याख्या र विश्लेषण

'वाणीका बान्की' अङ्ग्रेजी सूक्तिको पद्यानुवाद नामक कृतिमा प्रयुक्त नैतिक सन्देश, मानवीय प्रवृत्ति, कर्मयोग, मानवीय प्रेम, परोपकार, सदाचार, ज्ञानको महिमा, नेता र नेतृत्व, शब्दशक्ति, भ्रष्टाचार, मित्रको पहिचान, आत्माबोध, नारीको महिमाजस्ता महत्त्वपूर्ण विषयको व्याख्या र विश्लेषण यस प्रकारबाट गरिएको छ।

### ३.१ रचयिता र रचना

'वाणीका बान्की' (अङ्ग्रेजी सूक्तिको पद्यानुवाद) शीर्षकको कृति कवि प्रह्लाद पोखे्रलद्वारा रचना गरिएको पद्यानुवादपरक कृति हो । पिता नवराज तथा माता शेषकुमारी पोखे्रलका जेष्ठ सुपुत्र प्रह्लाद पोखे्रल खोटाङ जिल्लाको रावा कुपिन्डेमा २०१४ साल कार्तिक १२ गते सोमवारका दिन जन्मनुभएको हो । शारदा पोखे्रलसँगको गार्हथ्य सम्बन्धबाट अघि बढ्दै अहिले काठमाडौँ महानगरपालिका ६, बौद्ध रामहिटी, अक्षय टोल, विनम्र मार्गमा बसोवास गर्दै आउनुभएको छ। सुरुमा पैतृक सम्पत्तिका रूपमा संस्कृत शिक्षा आर्जन गर्र्दै नेपाली विषयमा स्नातकोत्तर (एम.ए.) सम्मको औपचारिक शिक्षा प्राप्त गरेर सरकारी सेवा तथा प्राध्यापन क्षेत्रमा आफ्नो अमूल्य ऊर्जा खर्च गर्दै आउनुभयो।

सानै उमेरदेखि अक्षरको खेती गर्न मन पराउने पोख्रे्रलले कविता तथा गीत रचनामा आफूलाई समर्पित गर्नुभयो । २०४२ सालमा 'आजको आकाश' पहिलो संयुक्त कवितासङ्ग्रह प्रकाशन गराएर साहित्य स्रष्टाका रूपमा उभिनुभयो । निरन्तर अभ्यासका माध्यमबाट आफ्नो सिर्जना कलालाई अगाडि बढाउँदै गर्दा उहाँले 'गीति यात्रा' (२०५१), 'जीवन्त यात्रा' कवितासङ्ग्रह (२०५२), 'गोसाइँकुण्ड यात्राकाव्य' (२०५६), 'सारथि' कवितासङ्ग्रह (२०५८), 'खोटाङ डायरी' खण्डकाव्य (२०६१), 'कुहिराको कम्बल' कवितासङ्ग्रह (२०६२), 'आजको आकाश' दोस्रो संयुक्त कवितासङ्ग्रह (२०६३), 'काव्ययात्रा : गोसाइँकुण्ड' (२०६५), 'नव–शेष श्रद्धा' स्मृतिकाव्य (२०६८), 'आस्थाको गन्तव्य' खण्डकाव्य (२०७१), 'जनकपुरधाम' चतुरभाषिक लघुतम काव्य (२०७२), 'अक्षर आराधना' कवितासङ्ग्रह (२०७५), 'आजको आकाश' तेस्रो संयुक्त कवितासङ्ग्रह (२०७९) हुँदै 'वाणीका बान्की' (अङ्ग्रेजी सूक्तिको पद्यानुवाद) (२०८०) सम्म आउँदा उहाँले नेपाली काव्य साहित्यको भण्डार भर्नमा निकै ठुलो योगदान दिइसक्नु भएको छ।

यतिमात्र होइन, उहाँले करिव २२ वटा पुस्तक एवं साहित्यिक पत्रिकाकको सम्पादन गरी साहित्यका क्षेत्रमा निकै प्रशंसनीय कार्य गरेको देखिन्छ । यिनै कार्यहरूको परिणाम हो, उहाँले भूपालमान सिंह कार्की युवा साहित्य पुरस्कार, महाकावि देवकोटा शताब्दी काव्य सम्मान, महाकवि देवकोटा पुरस्कार, भानुभक्त सम्मान, रमेश विकल सृजनशील साहित्य सम्मान, नरेन्द्रवाङ्मय निधि सम्मान, धरणीधर पुरस्कार आदि जम्मा २२ वटा सम्मान तथा पुरस्कार प्राप्त गरिसक्नु भएको छ । गोरखापत्र, नेपाल टेलिभिजनजस्ता संस्थामा सञ्चालक सदस्य र साझा प्रकाशनको महाप्रबन्धकजस्तो गरिमामय पदमा रहेर भाषा तथा साहित्यका क्षेत्रमा निकै योगदान गरेको देखिन्छ।

वाणीका बान्की (अङ्ग्रेजी सूक्तिको पद्यानुवाद) नामक कृतिमा विश्वका विभिन्न विद्वानहरूका ८३० वटा महावाणीलाई ९९९ वटा पद्यमा अनुवाद गरिएको छ भने अन्त्यमा कविले आफ्ना भनाइका रूपमा ४ पद्य थप गरी जम्मा १००३ पद्य सहितको यो कृतिलाई पाठक समक्ष ल्याउनु भएको छ । कवि प्रह्लाद पोखेलका पद्यानुवादित पद्यहरूमा धनराज गिरी, प्रा.डा. पद्मप्रसाद देवकोटा, मनप्रसाद वाग्ले, गोपाल रेग्मी, कविराज पौडेलले एक एक पद्यमा टिप्पणी गरेका छन् भने खोलाघरे साँइलोले २ पद्यमा, मुकुन्द शर्माले ३ पद्यमा, कोषराज न्यौपानेले चार पद्यमा, सीताराम अधिकारीले अङ्ग्रेजी भाषाका ४ पद्यमा, रमेश खकुरेलले १२ पद्यमा र तोयराज नेपालले १५ पद्यमा गरी जम्मा ४७ पद्यमा टिप्पणी गरेको देखिन्छ । विभिन्न २१ वटा छन्दमा अङ्ग्रेजी भाषाका ८३० भनाइलाई टिप्पणीसहित १०५० पद्यहरू यस कृतिभित्र समाहित छन् ।

## ३.२ वाणीका बान्की (अङ्ग्रेजी सूक्तिको पद्यानुवाद) भित्र सन्निहित नीतिचेतना

वाणीका बान्की (अङ्ग्रेजी सूक्तिको पद्यानुवाद) मा नीतिचेतना, मानवीय चेतना, कर्मयोगको चेतना, मानवीय प्रेमको चेतना, परोपकारवादी चेतना, सदाचारको चेतना, ज्ञानमयी चेतना, नेतृत्व र नेताभित्रको चेतना, शब्दशक्तिमय चेतना, भ्रष्टाचारी चिन्तन, मित्रको पहिचानको चेतना, आत्मबोधसम्बन्धी चेतना, नारीको महिमासम्बन्धी चेतनाका सम्बन्धमा चर्चा गर्ने प्रयत्न गरिएको छ ।

## ३.३ नीतिको परिभाषा

धर्म र नीति मानव जीवनका अभिन्न अङ्ग हुन् । (पोखरेल, ऋषिराम र अन्य सम्पा. संस्कृतमा के छ ? पृष्ठ २०२) । नीतिको अर्थ व्यवहारको तरिका हो । अर्को शब्दमा भन्ने हो भने नीति भनेको जनता वा समाजको भलाइ गर्न बनेको व्यवस्था हो । राज्य वा राष्ट्रको रक्षा हो हितको लागि विद्वान्हरूद्वारा धर्म, समाज आदिको विचार राखी बनाइएको न्यायव्यवस्था नै नीति हो । (महेन्द्र संस्कृत विश्वविद्यालय, संस्कृत नेपाली बृहत् शब्दकोश, पृष्ठ ६७९) । नीतिले मानिसलाई सदाचारको पाठ सिकाउँछ । समाजलाई गतिशील र समुन्नत बनाउन प्रयत्न गर्दछ । धर्म र नीतिको ज्ञान नभएका मानिसले जीवनबोध गर्न सम्भव देखिँदैन । मानिसलाई मानिस भएर जिउन सिकाउने प्रमुख कारकतत्त्व नै नीति हो । मानिसको जीवन उन्नत, सुखी, व्यवस्थित एवं सुसंस्कृत बनाउने मार्ग नीतिशास्त्रले निर्देशन गर्दछ । हाम्रो पौराणिक ग्रन्थ महाभारत अठारपर्वमा महर्षि, राजर्षि, देवर्षि, वेदव्यास, भीष्मपितामह, विदुर, युधिष्ठिर आदिले नीतिका बारेमा व्याख्या विश्लेषण गरेको पाइन्छ । धृतराष्ट्र मानसिक पीडाले भयभीत भएको बेला महात्मा विदुरले विभिन्न विषयका बारेमा तत्त्वबोध गराएका छन् । जसलाई विदुर नीति भनिन्छ । त्यस्तै धौम्यनीति, कणकनीति, चाणक्यनीति नीतिहरूमा उत्कृष्ट मानिन्छन् ।

## ४. निर्दिष्ट नीतिपरक सन्देशहरूको विश्लेषणः

नीति चेतना, मानवीय चेतना, कर्मयोगको चेतना, आत्मिक प्रेमको चेतना, परोपकारवादी चेतना, सदाचारको चेतना, ज्ञानमयी चेतना, नेतृत्व र नेताभित्रको चेतना, शब्दशक्तिमय चेतना, भ्रष्टाचारी चिन्तन, मित्रको पहिचानको चेतना, आत्मबोधसम्बन्धी चेतना, नारीको महिमासम्बन्धी चेतनापरक सन्देशहरू क्रमशः निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ४.१ नीतिपरक सन्देश

प्रस्तुत कृतिभित्रका अत्यधिक पद्यात्मक महावाणीहरू नीति चेतनासँग सम्बन्धित छन् । निर्धाहरूको अधिकार सुरक्षित रहोस्, मानव जीवन अर्काको उपकारका निम्ति समर्पित होओस्, मानवभित्रको मनुजता सुन्दर धन बन्न सकोस्, कसैको अधिकार हनन नहोओस् धन्ने भावलाई कविले यसरी व्यक्त गरेका छन्:

According to Khalil Gibran, 'Safeguarding the rights of others is the most noble and beautiful end of the human being'

प्रस्तुत महावाणीलाई कविद्वारा यसरी पद्यमा अनुवाद गरिएको छः

> निर्धाको अधिकार रक्षित रहोस् भन्ने गरी निश्चित
> प्राणीको उपकार गर्न सकियोस् सोची सबैको
> हित

सच्चा मानव सभ्यता मनुजता शौन्दर्यशाली धन
अर्काको अधिकारको हननमा लाग्दै नलागोस् मन ॥ (२.४०.२)

त्यस्तै सत्यवक्ता र त्यसको प्रभावका बारेमा कवि यसरी अगाडि बढ्छन्ः

According to Virginia Woolf, 'If you do not tell the truth about yourself, you can't tell it about other people.'

प्रस्तुत महावाणीलाई कविद्वारा यसरी पद्यमा अनुवाद गरिएको छः

साँचो बोल्न सकिन्न निश्चय गरी आफ्नो कुरा नै भने
साँचो के हुन सक्छ निश्चित कुरा अर्कासितै जोडिने
आफू स्पष्ट इमानदार नबनी बोलिन्न साँचो पनि
बैमानी, छलछाम वा कपटले चल्दैन यो जीवनी ॥ (२.१६२)

अर्को एक ठाउँमा कविले यस सन्दर्भलाई अर्को उदाहरणको माध्यमबाट यसरी प्रस्तुत गर्नुभएको छः 'According to Oscar Wilde, to love oneself is the beginning of a lifelong romance.'

प्रस्तुत महावाणीलाई कविद्वारा यसरी पद्यमा अनुवाद गरिएको छः

जल्ले राख्दछ प्रेमको प्रणयको विश्वास आफूसित
प्रेमाख्यान पवित्र जीवनभरि प्रारम्भ भो निश्चित
माया, प्रेम, क्षमा, दया र करुणा वात्सल्यको सृष्टिमा
यो संसार अडिन्छ जीवनमुखी विश्वासको वृष्टिमा ॥ (२.१६५)

मानिसको मनमा अवस्थित प्रेमभाव सर्वोच्च शक्ति हो । माया, प्रेम, क्षमा, दया, करुणा र विश्वास सबैभन्दा ठुलो शक्ति वा सम्पत्ति हुन् । यसैमा संसार अडेको छ भन्दै प्रेमभावलाई उजागरण गरी व्यवहारमा लागु गर्न सकेमात्र जीवन सार्थक बन्दछ भन्ने नैतिक ज्ञान प्रवाह गरिएको छ ।

According to Abraham Lincoin, 'You have to do your own growing no matter how tall your grandfather was.'

प्रस्तुत महावाणीलाई कविद्वारा यसरी पद्यमा अनुवाद गरिएको छः

मान्छे बन्नु छ आत्मनिर्भर यहाँ आफ्नै बनी जागृत
आफ्नै सिर्जनशील कर्म नभए को हुन्छ रे अग्र त
अर्काको भरमा परेर कसरी अग्लिन्छ आफ्नो तन
आफ्नो जीवन नित्य पार्न सकियोस् जीवन्त आजीवन ॥ (२.२१४.२)

प्रत्येक मान्छे आत्मनिर्भर बन्न सदा जागृत अवस्थामा रहून्, सिर्जनशील कर्मका माध्यमबाट अग्रगति लिन सकून्, परावलम्वी नभई आफ्नो जीवनलाई उचाइमा पुऱ्याउदै जाऊन्, कर्मयोगका माध्यमबाट मानव जीवन आजीवन जीवन्त बनोस् भन्दै कवि प्रह्लाद पोखेलद्वारा नैतिक चेतना प्रवाह गरिएको छ ।

कवि प्रह्लाद पोखेलले निम्न अनुसारका करिव ४० पद्यहरूमा नैतिक सन्देश प्रवाह गरेका छन्ः २.२१७, २.२३६, २.२५२, २.२५९, २.२६५, २.२७०, २.२७१, २.२७४, २.२८७, २.२९९, ३.३, ३.१८, ३.२४, ३.२६, ३.३४, ३.४१, ३.५५.१, ३.६२, ३.७२, ३.७७, ३.७९, ३.८७, ३.८८, ३.१००, ३.११०, ३.११८.१, ३.१२५, ३.१२७, ३.१३२, ३.१५०, ३.१५६, ३.१७३, ४.३२.१,४.४१.१, ४.९४.३, ४.१११, ४.१२०.१ जस्ता पद्यहरूमा नीतिसम्बन्धी जीवनोपयोगी ज्ञान प्रस्तुत गरिएको छ ।

### ४.२ मानवीय गुणपरक सन्देश

मानवसम्बन्धी बोध, ज्ञान, बुद्धि, मनोवृत्ति वा चेतनातालाई मानवीय चेतनाको संज्ञा दिइन्छ । मानव जीवन सफल वा सार्थक बनाउनका निमित्त आवश्यक गुणहरू, प्रवृत्तिहरू, व्यवहार, चिन्तन, मननसम्बन्धी आवश्यक अङ्ग्रेजी महावाणीहरूलाई नेपाली पद्यमा रूपान्तर गरी समस्त मानवको कल्याणका लागि मार्ग निर्देशन गरिएको छ । संसार परिवर्तन गर्नका लागि सर्वप्रथम आफू परिवर्तन हुनुपर्छ, अरूलाई सताउने प्रयत्न गर्दै जाने हो भने आफू नै सङ्कटको खाडलमा परिन्छ, सदैव अर्काको कुभलो चिताउने दुर्जनहरूको जीवन पश्चात्तापको अग्निमा जलिरहन्छ । जसरी फूल वा लहरा गोडाले कुल्चन्छ तर गोडासँग फूलले कहिल्यै वैरभाव गर्दैन, बरु उल्टो सुवास छर्दछ त्यसरी नै ज्ञानी र क्षमाशील मानिसहरूले सदैव अरूको उपकार गर्दै हिँड्छन् । शिशिरले समस्त पातहरू झार्दछ र वृक्षहरू नाङ्गा र कुरूप देखिन्छन् । तिनीहरू कहिल्यै आत्तिदैनन् । धैर्य गरेकै

कारणले होला वसन्त आई आनन्दको जीवन दिन्छ। यस प्रकारको उदाहरण दिएर मानवलाई धैर्यको पाठ सिकाएको छ। सत् चिन्तन, सत् वचन र सत् व्यवहार गर्ने मानिस कहिल्यै असन्तोषी र दुःखी हुँदैन।

स्वीकारोक्ति, सहिष्णुता, क्षमाशीलता, मान्छेका बहुमूल्य रत्न हुन्। यिनै मानवीय गुणले मानिसको मूल्य निर्धारण गर्दछन्। आलस्यको पोको बोकेर बस्नेहरूको जीवनमा आएका सुअवसरहरू त्यसै समाप्त भएर जान्छन्। आजका मानिसहरूमा भएको बुद्धि, ज्ञान, विवेकमा क्रोधको मिश्रण छ र त मान्छेमा धैर्य र सहनशीलता हराएका छन्। सकारात्मक ऊर्जाले मानिसलाई उन्नतिको शिखरतर्फ लैजान्छ तर नकारात्मक चिन्तन भयो भने मानिसको जीवन अधोगतितर्फ लाग्दछ।

यस प्रकारका थुप्रै मानवीय चेतनाहरू समेटिएका अङ्ग्रेजी भाषाका महावाणीरूलाई कविले यसरी अनुवाद गरेका छन्ः

'According to An African Proverb, A wise man never knows all; only a fool knows everything.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छः

विद्वान् जानून् न जम्मै तदपि हरघडी नम्र भै सिक्न खोज्छन्
जल्ले केही सिकाऊन् अलिकति परको ज्ञान झन् तान्न खोज्छन्
बम्किन्छन् मुर्ख मान्छे तर अलिकति नै ज्ञान सम्पूर्ण ठानी
मानी सर्वज्ञ आँफै सकल चुरिफुरीसाथ उम्लन्छ पानी॥
(१.१)

आगाको शक्तिले उम्लेको पानीजस्तै अर्काको शक्तिले अगाडि बढेका मुर्खहरू आफूलाई सर्वज्ञ ठान्दछन्। ज्ञानीहरू महासागरजस्तै गम्भीर र शान्त छन्। जहिल्यै पनि केही सिक्ने प्रयत्न गरिरहेका हुन्छन्। त्यस्तै अर्का एक विद्वान्को महावाणीलाई प्रस्तुत गरिएको छ।

According to Leo Tolstoy, 'Everyone thinks of changing the world, but no one thinks of changing himself.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छः

हावामा किन हाँक्नु हो गफ हरे संसार फेर्ने भनी
जल्ले फेर्न सकेन निश्चित बनी नाथे निजी जीवनी
आफू फेरिन पूर्ण सक्षम भए फेरिन्छ संसार यो
आँफै फेरिन छैन तागत भने फेरिन्न संसार यो॥
(२.११)

अर्का एक साधकीय जीवन बिताएका महान् साधकको विचारलाई यसरी प्रस्तुत गरिएको छः 'According to Mahatma Gandhi, Live as if you were to die tomorrow. Learn as if you were to live forever.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छः

भोलि फ्याट्ट मरिन्छ झैँ कि त भनी बाँच्नू चनाखो बनी
सिक्नू ज्ञान मरिन्छ निश्चय भनी जस्तै हुँदामा पनि
के मर्थें र बुढो कहाँ म त हुने भन्ने गरी चिन्तन
विद्या धर्म र अर्थ आर्जन गरी जीवन्त होस् जीवन॥
(२.९८)

आजका समस्त मानवलाई जीवनोपयोगी सन्देश दिने अनेकौँ अङ्ग्रेजी महावाणीलाई कविले पद्यमा रूपान्तर गर्नुभएको छ। २.११, २.२८, २.३९, २.५६, २.८४, २.८७, २.९३, २.९८, २.१०१, २.११३, २.११८.१, २.२०९, २.२३७, ३.११९, ३.२२० आदि पद्यहरूमा कविद्वारा मानवीय प्रवृत्तिसम्बन्धी जीवनोपयोगी वाणीहरू प्रस्तुत गरिएको छ।

### ४.३ आत्मबोधपरक सन्देश

आत्माको ज्ञान वा आध्यात्मिक ज्ञानलाई आत्मज्ञानको संज्ञा दिइन्छ। आत्मज्ञानसम्बन्धी चेतना नै आत्मबोधपरक चेतना हो। साङ्ख्य दर्शनका अनुसार पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पञ्चमहाभूत, मन, बुद्धि, चित्त, अहङ्कार र आत्माको संयोजनबाट शरीर निर्माण हुन्छ। यसरी मानव शरीरभित्रै अवस्थित एक अत्युच्च शक्ति नै आत्मा हो। यही आत्मालाई अनुभूत गर्नु नै आत्मबोध हो। आफूभित्र सौन्दर्यको संसार छ त्यसलाई बोध गर्नु नितान्त आवश्यक छ। ईश्वरजस्तो सर्वोच्च शक्ति ढुङ्गो, माटो र काठमा नबसी अन्तर भावना वा विचारका रूपमा हाम्रै हृदयमा बस्दछन्। आत्मज्ञान नभएमा देह सुन्दर भए पनि अन्तष्करण मलिन हुन्छ। अन्तर चेतना वा

आत्मिक शक्तिलाई बोध गर्न नसकेको जीवन निस्सार हुन्छ।

कवि प्रह्लाद पाख्रेलले संसारका केही महापुरुषहरूका अङ्ग्रेजी भाषामा रचना गरिएका महावाणीलाई पद्यमा अनुवाद गरिएको केही आत्मबोधक प्रसङ्गहरूलाई यहाँ उल्लेख गरिएको छ। जो निम्नानुसार छन्:

According Chanakya, 'God dosen't dwell in woodn, stony or earthen idols. His abode is in our feelings, our thoughts.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छः

मूर्तिमै किन बस्थे र माटो, ढुङ्गो र काठमा
साक्षात् ईश्वर ता बस्छन् भावना र विचारमा
सोचाइ, भावना स्वच्छ भए ईश्वर पाइने
जगदीश्वरको राज हाम्रै हृदयमा हुने ॥ (३.४६)

त्यस्तै अर्को ठाउँमा According to Inspirational Quotes Journal, 'Beautiful faces are everywhere, but beautiful minds are hard to find.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छः

जताततै छन् अनुहार सुन्दर
मस्तिष्क शोभा छ परन्तु दुष्कर
छ बाह्य आडम्बरयुक्त आकृति
अन्तर्य खोक्रो जनको मनस्थिति॥ (४.१६५)

त्यस्तै अर्को महावाणी यस प्रकार छः

'I thank you God for a grace of being alive this morning and for the sleep that has refreshed me.' Unknown

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छः

प्रातः जीवन्त पारेर ब्यूँझायौ जगदीश्वर
रातमा नीँदमा पारी दियौ आराम ईश्वर
दया, माया र सेवामा गर्छौं अनन्त कोसिस
हे विधाता तिमीलाई धन्यवाद अहर्निश ॥ (३.१५२)

यसरी कविले आत्मबोध गरी उनैलाई साक्षी राखेर सत्कर्म गर्दै जाने हो भने जीवन सार्थक र मुक्तिदायक हुन्छ भन्ने सन्देश दिँदै आत्मबोधतर्फ ध्यान केन्द्रित गराएको पाइन्छ।

### ४.४ कर्मयोगिक सन्देश

अवतार पुरुष श्रीकृष्णले श्रीमद्भगवत गीताको दोस्रो अध्यायको ४७ पद्यमा अर्जुनलाई कर्मयोगको पाठ पढाउनुभएको छ । 'कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन' अर्थात् फलको आशा नगरेर निरन्तर कर्म गर्दै जाऊ । कर्मलाई नै मुख्य आधार मानेर गरिने योग नै कर्मयोग हो। कर्मयोगलाई प्राथमिकतामा राखेर सबैलाई कर्मप्रति उत्प्रेरित गराउने उद्देश्यका साथ कविले काव्यात्मक पद्य रचना गरेको पाइन्छ । बोल्नुभन्दा कर्मकलालाई प्राथमिकता दिनुपर्छ। आलस्यलाई त्यागेर समयमै कार्य पुरा गर्नुपर्छ । तत्त्वार्थवेत्ताहरूले भोलिका काम आजै गर, आजको कार्य अहिल्यै गरेपछि मात्र हाम्रो सुन्दर समाज बन्दछ, उचित समयमा कार्यसम्पादन नगर्नाले परिणाम निकै दुःखदायी हुन्छ।

बीज रोपेपछि मात्रै अवश्य पनि फल लाग्ने उदाहरण दिएर कर्मप्रति उत्साहित गर्नु कविको कर्म हो। उदाहरणार्थ केही महावाणीहरू र तिनका नेपाली पद्यहरू निम्नानुसार प्रस्तुत छन्:

According to Benjamin Franklin, 'Well done is better than well said.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ

बौलौँ बोली मिलाई जति पनि जसरी सुन्नलाई मजा हो
बोलीभन्दा त धेरै गजब र गतिलो काम गर्ने कला हो
गर्ने हो काम सच्चा अविरल गतिमा ध्यान लाएर राम्रो
बोली मात्रै जडेको जलप कनकझैँ मूल्यवान् कर्म हाम्रो ॥ (१.१३.३)

कर्मयोगको अर्को उदाहरण यस प्रकार रहेको छ:

'According to Roy Bennett, Don't wait for things to happen. Make them happen.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ:

होला यो काम आफैँ समयसित भनी पर्खने कार्य गर्दै

जो मान्छे बस्न खोज्छन् थकित मन लिई तुच्छ आलस्य भर्दै
त्यस्ताको जिन्दगीमा सुखद समयको हुन्न मौका कदापि
जान्नेले पूर्ण गर्छन् उचित समयमै काम बाँकी नराखी ॥ (१.१५)

अर्को एक ठाउँमा कर्मयोगलाई प्राथमिकता दिएर कवि यसरी अगाडि बढेको देखिन्छ:

According to H. Jackson Brown Jr, 'The best preparation for tomorrow is doing your best today.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ

जे गर्ने हो तयारी असल प्रकृतिको भोलिका निम्ति काम
गर्नै पर्नेछ राम्रो शुभ समय चुनी आज जम्मै तमाम
भन्छन् तत्त्वार्थवेत्ता मनुज गर छिटै भोलिको काम आज
आजैको काम ऐले खुरुखुरु गरिए बन्छ हाम्रो समाज ॥ (१.३१)

आजको कर्म आजै गर्नुपर्छ भन्ने भाव भएको एक अर्को महावाणी यस प्रकार रहेको छ :

According to Horace, 'Seize the day, and put the least possible trust in tomorrow.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ

आँफै पार्नु छ आजको दिन यहाँ सम्पूर्ण कब्जा गरी
बस्नै हुन्न परन्तु भोलि छ भनी भावी भरोसा गरी
कस्तो हुन्छ भविष्य ? जान्न सकिने आधार खै के छ र
जे गर्ने अनिवार्य कार्य अहिले सम्झेर आजै गर ॥ (२.१४०)

कविले रचना गरेका कर्मयोगसँग सम्बन्धित २.१४६, २.१५१, ३.१९१.२, ३.२३०, ४.६६.१ जस्ता थुप्रै पदहरू प्रमुख छन् ।

### ४.५ ज्ञानयोगमय सन्देश

ज्ञानको महिमा वा ज्ञानद्वारा आफूलाई ईश्वरसँग अभिन्न सम्झेर गरिने निष्ठा नै ज्ञानयोग हो भनी गीतामा उल्लेख गरिएको छ । ज्ञानले नै मानिस सर्वश्रेष्ठ बन्दछ । ज्ञानीहरू भौतिक सम्पत्तिको लोभमा नफसी अर्काको उपकारमा आफूलाई समर्पण गर्दछन् । कवि प्रह्लाद पोखे्रलले ज्ञानलाई सर्वोच्च शक्तिका रूपमा राखी यही ज्ञानसँग सम्बन्धित केही महावाणीहरूको पद्यानुवाद गर्नु भएको छ । ज्ञानमार्गी भएर ज्ञानको मर्म बुझौँ । शिक्षाको साथ पाएमा मात्र लौकिक तथा पारलौकिक जीवन सार्थक बन्छ । रहस्यपूर्ण ज्ञान आर्जन गर्न सकौँ, अग्निसमान प्रज्वलित हुने विद्या आर्जन गरी जीवन सफल बनाउँनुपर्छ जस्ता ज्ञानसँग सम्बन्धित भनाइ तथा पद्यहरू निम्नअनुसार प्रस्तुत गरिन्छ:

According to Aristotle, 'The roots of education are bitter, but the fruit is sweet.' प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ :

शिक्षाका जो जरा छन् रसरहित तिता या त टर्रा नमीठा
शिक्षाका सप्रिएका सरस फल भने स्वादिला खाना मीठा
यस्ता मीठा फलैको अनुभव गरियोस् पूर्ण शिक्षा लिएर
शिक्षाको मर्म जानी अझ मनन गरौँ ज्ञानमार्गी भएर ॥ (१.१८.१)

ज्ञानकै महिमा बताउने उद्देश्यले कवि अर्को महावाणीलाई यसरी आत्मसात् गर्नुहुन्छ:

According to Shiva Khera, 'Education ought to teach us not only how to make a living but also how to live.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ:

मान्छेको जीवनीमा हरबखत बनोस् ज्ञान शिक्षा सहाय
शिक्षाले नै सिकाओस् अपरिमित कलासाथ बाँच्ने उपाय
शिक्षाले लेख्न सक्ला अनवरत पढी जिन्दगीका कहानी
शिक्षाको साथ पाई गतिमय रहने हुन्छ रे जिन्दगानी ॥ (१.३६)

सर्वोच्च शक्तिका रूपमा रहेको शिक्षाको महिमा गायन यसरी गरिएको छ:

According to Socrates, 'The only true wisdom is in knowing you know nothing.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ

जानेझैँ भइदिन्छ जो सतहमा जानिन्न केही पनि
जान्ने कर्म हुँदैन पूर्ण कहिल्यै सारा बितोस् जीवनी
सच्चा बुद्धि विवेकले त कहिल्यै भन्दैन जानेँ भनी
खाँटी ज्ञान रसहस्यपूर्ण रहने जानी सबै जीवनी ॥ (२.८१.२)

कवि अवझैँ ज्ञानको रहस्यको खोजीमा रहेको देखिन्छ।

According to William Butler Yeats, 'Education is not a filling of a pail, but lighting of a fire.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ

शिक्षा होइन मात्र पात्र भरिने बाल्टी र भाँडातिर
शिक्षा अग्निसमान प्रज्ज्वलित भै बल्ने छ यो आखिर
विद्या ज्योति बनेर पार्छ जसले मस्तिष्क नै जागृत
शिक्षा जीवनमूल्य बोध गरिने उद्दीप्त बत्ती अतः ॥ (२.१४२)

ज्ञान वा शिक्षासँग सम्बन्धित अन्य पद्यहरूमा २.१७१, ३.१३८, ३.२६३, ३.२६५, ४.२.२, आदि महत्त्वपूर्ण छन्।

### ४.६. प्रेमपरक सन्देश

माया, प्रीति, अनुराग, आसक्ति आदि शब्द प्रेमका पर्यायवाची शब्द हुन् । प्रेम त्यस्तो मनोवृत्ति हो जसले कुनै व्यक्ति वा वस्तुलाई प्राप्त गर्न वा त्यसको साथमा रहन निकै प्रयत्न गर्दछ । कवि भन्दछन् कि अमापनीय प्रेम कहिल्यै अस्त हुँदैन, आमाको प्रेम अतुलनीय छ । गाढा सम्बन्ध कायम गर्न समय निकै लाग्दछ। जस्तै सङ्कष्ट आइपरे पनि मित्रता तोड्नु हुँदैन। आत्मिक मित्रको प्रेम अरू कसैसित दाँज्न सकिंदैन, सदाचारका मित्रहरू सदैव सहयोगी हुन्छन्, परेको बेला ज्यान दिएर सहयोग गर्दछन् जस्ता भावहरू यहाँ प्रकट भएका छन् । उदाहरणार्थ केही महावाणी र तिनका पद्यानुवादहरू निम्नानुसार प्रस्तुत छन्:

According to Mother Teresa, 'Intense love does not measure, it just gives.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ:

मायाको तीव्रता जो अपरिमित भई प्रेम होला प्रशस्त
कल्ले नाप्ने र माया सितिमिति मनको प्रेम बन्दैन अस्त
मायाले दिन्छ मात्रै प्रमुदित मनले, किन्तु माग्दैन केही
आमाको स्वच्छ माया मनभरि भरिई भित्र सप्रन्छ देही॥ (१.२१)

प्रेम मनुष्यको सर्वोच्च शक्ति हो । यो अजरामर हुन्छ भन्ने सन्देशमा प्रस्तुत गरिएको एक उदाहरण निम्नानुसार छ:

According to Jalal ad Din Rumi, 'And still, after all this time, the sun has never said to the Earth, 'you woe me'. Look what happens with love like that. It lights up the sky.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ :

भनेन अहिलेसम्म ऋणी मेरी भयौ भनी
प्रेयसी पृथिवीलाई सूर्यले कहिल्यै पनि
किन्तु आकाश ढाकेर बलेको छ निरन्तर
निःस्वार्थी घामको माया अनन्त अजरामर ॥ (३.१७५)

प्रेम दुर्लभ वस्तु हो, सच्चा मित्र प्राप्त गर्न झन् दुर्लभ हुन्छ, मानिसले प्रेमको मर्यादा बुझेर परमानन्द प्राप्त गर्न सकोस् भन्ने भाव अर्को ठाउँमा यसरी व्यक्त गरेको छ।

According to Jean de La Fontaine, 'Rare as is true love, true friendship is rarer.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ

प्रेम दुर्लभ हो वस्तु झन् सच्चा मित्र दुर्लभ
मित्रत्व प्रेम संयुक्त अझ लाग्छ असम्भव
बन्न जीवन्त मान्छेले मर्यादा प्रेमको बुझोस्
मित्र ता मित्रता नै हो सदा आनन्दले चुमोस् ॥ (३.२७४)

प्रेम सन्दर्भको अर्को उदाहरण पनि यसरी दिइएको छ:

According to Voltaire, 'Love is a canvas furnished by nature and embroidered by imagination.'

प्रस्तुत पद्यलाई कवि यसरी अनुवाद गर्दछन्

होला चित्र, विचित्रको प्रकृतिको सज्जा मिली प्रेममा
बुट्टा भर्दछ कल्पनात्मक कला आत्मीयताले जहाँ
जो आत्मीयपना घना छ सपना साकार पार्ने स्वतः
मायाँ, स्नेह, दया, क्षमा, मनुजता सत्प्रेम हुन् शाश्वत ॥ (४.४८.३)

आफ्नो उमेर अनुसारका साथी नहुँदा जीवन जहिले पनि अनाथजस्तो हुन्छ भन्दै उमेर अनुसारका

मित्रको महत्त्वमाथि प्रकाश पारिएको अर्को उदाहरण यहाँ प्रस्तुत गरिएको छ: :

'Spending the time with friends is never a waste of time. It's one in a lifetime moment that we will surely miss when old age comes.' (Unknown)

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ :

मिल्ने साथीसित मिलनको याम हो अर्थपूर्ण
जस्तै लामो समय सकियोस् कत्ति नोक्सान हुन्न
यस्तो आनन्दित समय के हुन्छ वाद्र्धक्यसाथ ?
साथी हुन्नन् सम–वय जहाँ जिन्दगी भो अनाथ ॥
(४.६४)

प्रेमसम्बन्धी उल्लेख भएका अन्य पद्यहरू ४.७०.१, ४.७३, ४.१०६.२, ४.१४२, ४.१६९.१ आदि हुन्, जहाँ प्रेमका गहकिला चिन्तनहरू प्रस्तुत गरिएका छन् ।

## ४.७ मित्रता सम्बन्धी सन्देश

साथीलाई सुखदुःखमा समान रूपले सहयोग गर्ने व्यक्ति नै मित्र हो । वाल्मीकि रामायणको किष्किन्धा काण्डमा यसरी मित्रको परिभाषा गरिएको पाइन्छ:

मित्रं ह्यर्थगुणश्रेष्ठं सत्यधर्म परायणम्
तद्द्वयं तु परित्यक्तं न तु धर्मे व्यवस्थितम् ॥

यहाँ मित्रलाई साथीको अर्थ साधनामा लाग्ने र सत्य धर्ममा अटल रहने गरी दुई प्रकारमा विभाजन गरिएको छ । जे होस् मित्र भनेको व्यक्तिको भित्र रहने व्यक्ति हो । जसले साथीलाई सुखदुःखमा निःस्वार्थ साथ दिन्छ । आत्मिक मित्र बनाउन कठिन छ, कुटिल दिल भएका मित्रले अधोगतितिर लैजान्छन्, इमान्दार मित्र कसैसित दाँजिँदैन । यदि मित्र मूर्ख भयो भने त्योसँग तर्क गर्ने कार्य कहिल्यै नगर जस्ता भावहरू यसभित्र समावेश छन् । वाणीका बान्की नामक कृतिमा कवि मित्रतासम्बन्धी महावाणीको खोजी एवं तिनीहरूको पद्यानुवाद गरिएका केही उदाहरणहरू निम्नानुसार प्रस्तुत गरिएको छ:

According to John Leonard, 'It takes a long time to grow an old friend.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ:

यौटा साथी पुरानो विकसित हुन ता पर्छ धेरै प्रयत्न
सच्चा साथी बनाई सहज हुन ठुलै गर्नुपर्नेछ यत्न
भित्री सम्बन्ध गाढा हुन समय निकै लाग्छ रे मित्रताको
खोजौँ उत्कृष्ट पाको मनबिच रहने स्वच्छ साथी मजाको ॥ (१.४४)

अर्को ठाउँमा मित्रतासम्बन्धी प्रस्तुत गरिएको महावाणी यस प्रकार रहेको छ:

According to Oscar Wilde, 'True friends stab you in the front.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ:

तिम्रो साथी छ सच्चा असल यदि भने गर्छ साम्ने प्रहार
साथी घोसे र थाङ्ने कमसल मतिले पार्छ नेपथ्य मार
देख्ला जो दाग कालो असल मति हुने मित्रले भन्छ कालै
चेपारो घस्छ जल्ले कुटिल मति लिई मार्न सक्ला अकालै ॥
(१.६४)

अर्को उदाहरणमा जस्तो सङ्कट आए पनि, जस्तो पीडा भोग्नु परे पनि मित्रता छोड्नु हुँदैन भन्ने सन्दर्भको एक महावाणी र त्यसको पदानुवाद यस प्रकार रहेको छ:

'I would rather walk with a friend in the dark, than alone in the light.' (Unknown)

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ :

जस्तै सङ्कष्ट आओस् तर पनि कहिल्यै मित्रता तोड्नु हुन्न
घेरोस् कालो अँध्यारो वरिपरि जति नै मित्रता छोड्नु हुन्न
एक्लै एक्लै उज्यालोतिर हिँडिरहने स्वार्थको दास हुन्छ
साथी छोडिन्न जस्तै कठिन सकस होस् मित्र मित्रै रहन्छ ॥
(१.६५)

हजार स्वजन वा आफन्तले स्वागत गरून् तर एउटै सच्चा मित्र छ भने त्यो नै पर्याप्त हुन्छ । इमान्दार साथी कसैसित दाँज्न मिल्दैन । यही भावको एक महावाणी र त्यसको पद्यानुवाद यस प्रकार रहेको छ:

According to Euripides, 'One loyal friend is worth thousand relatives.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ:

नातेदार हजार या अधिक नै होऊन् गरून् स्वागत
जिम्मेवार छ एउटै तर सखा पर्याप्त बन्ला स्वतः

साथीझैँ सहयोगमा रत रही गर्दैन कोही हित
साथी एक इमानदार छ भने दाँजिन्न कोहीसित ॥
(२.१४४)

मुर्खसँग कहिल्यै सम्बन्ध कायम गर्नु हुँदैन । यस्तासँग सम्बन्ध गर्ने हो भने सिधै दुःखको खाडलमा हाल्दछन् भन्ने भावको महावाणीलाई कविद्वारा यसरी पद्यानुवाद गरिएको छ:

According to Mark Twain, 'Never argue with stupid people, they will drag you down to their level and then beat you with experience.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ:

व्यर्थै तर्क वितर्क मूर्खसँग ता गर्दै नगर्ने गर
तान्नेछन् तिनले उँधोतिर सधैं खस्काउँदै झन् स्तर
भोगेको अनुभूतिमा रुँमलिदै बेल्छन् निकै पापड
फोस्रो धाक रबाफको भर गरी हान्छन् निकै झापड ॥
(२.१५५)

प्रस्तुत पुस्तकमा मित्रतासम्बन्धी निकै महत्त्वपूर्ण सामग्रीहरू उल्लेख भएका छन् । २.२०१, २.२७९, ४.४८.१, ४.७०.१, ४.७३, ४.१०६.२, ४.१४२, ४.१६९.१ आदि महावाणी र तिनका पद्यानुवादमा मित्रताको महिमा उल्लेख गरिएको छ।

### ४.८ राजनीतिपरक सन्देश

राज्यको नीति, त्यस अनुसारको प्रशासन, परराष्ट्रसँगको सम्बन्ध र व्यवहार अनि राष्ट्रको चौतर्फी उन्नतिसम्बन्धी कार्य नै राजनीति हो । राज्यको नीतिअनुसार राज्य सञ्चालन गर्ने व्यक्ति नै राजनेता हुन्। वैयक्तिक स्वार्थभन्दा निकै माथि उठेर राष्ट्र, राष्ट्रियता एवं समस्त मानवको उत्थानका लागि सदा समर्पित हुने व्यक्ति नै सर्वमान्य नेता हुन्। सबैको हितका लागि नेतृत्व जागृत होओस्, शुद्ध राजनीतिमा झुट नीतिको मिश्रण नहोओस्। भ्रष्ट नेता भएका देशमा जनता सधैं भयभित भएर बाँच्न बाध्य हुनुपर्छ। राज्यशक्ति हाँक्ने व्यक्ति विचारमा महान् होओस् । ऊ सदा भविष्यद्रष्टा बन्न सकोस् जस्ता सुन्दर भावहरू यसभित्र समेटिएका छन्।

प्रस्तुत कृतिभित्र राजनीतिसम्बन्धी अभिव्यक्त भएका जीवनोपयोगी भावहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ:

According to George Orwell, 'Political language ... is designed to make lies sound truthful and murder respectable, and to give an appearance of sodidarity to pure wind.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ:

मिथ्या, झूट, असत्य सत्य गरिने बोलिन्छ बोली अनि
हत्या आदरणीय कृत्य जनिने लेखिन्छ भाषा पनि
हावा शुद्ध बग्यो यतैतिर भनी सोझिन्छ साझा मुख
भाषा भिन्न छ राजनीतिक, चुरो देखन्न खै सन्मुख ॥
(२.१६८)

अर्को एक ठाउँमा भ्रष्ट नेता भएको देशमा न त राष्ट्रको उन्नति हुन्छ न त जनताहरू भयरहित भएर बाँच्न पाउँछन् । असल नाविकले यात्रीलाई सहज ढङ्गले नदीपारि पुऱ्याएझैं असल नेता भएमा मात्र जनता सुखी र देश सम्पन्न हुन्छ नत्र जनता चिन्ता र भयग्रस्त भएर बाँच्नुपर्छ भन्ने सन्देश यसरी प्रस्तुत गरिएको छ :

According to Edward Gibban, 'The wind and the waves are always on tha side of the ablest navigators.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ:

हावा होस् कि त छाल या लहर होस् पारेर आफ्नैतिर
तार्ला नाविकले नदी सहजमै यात्रीहरू आखिर
हाम्रासाथ सुयोग्य नाविक भए तार्नेछ पक्कै नदी
नेता भ्रष्ट भए निरन्तर यहाँ भोगिन्छ रे त्रासदी ॥
(२.२०७)

नेताको व्यवहारसम्बन्धी अर्को एक प्रसङ्ग यस प्रकार रहेको छ। निःस्वार्थ रूपमा राष्ट्र हाँक्न सक्ने सक्षम व्यक्तित्व छ भने त्यसका अगाडि सबैको शिर झुक्दछ। ऊ पनि स्वाभिमानका साथ बाँच्न पाउँछ तर भ्रष्ट र पतित नेता भए भने बिचरा लोकतन्त्र गन्तव्यहीन हुन पुग्दछ भन्ने भावको अर्को एक महावाणी र सोको अनुदित पद्य यसरी प्रस्तुत गरिएके छ:

According to Jack Kemp, 'Democracy without morality is impossible.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ:

विनानैतिक आदर्श लोकतन्त्र कहाँ कहाँ
आदर्शहीनताबाट भ्रष्टतन्त्र जहाँ जहाँ
भ्रष्टाताभित्र मौलाई कुसंस्कार जताततै
गन्तव्यहीन देखिन्छ बिचरा लोकतन्त्र नै ॥ (३.४२)

नेताका नीति र योजना बिनाका बकम्फुसे गफ स्यालको हुइयाँ जस्तो हो भन्ने सन्दर्भको अर्को उदाहरण यसरी उल्लेख गरिएको छ:

According to Nepoleon Bonaparte, 'In politics stupidity is not a handicap.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ :

बाधा अड्चन के हुन्थ्यो मूर्खता राजनीतिमा
निमुखा जनता पर्छन् अभाव अनि भीतिमा
हावी देखिन्छ सर्वत्र पिछलग्गु अनीतिमा
स्यालको हुइयाँजस्तो हुलिया राजनीतिमा ॥ (३.४९)

महापुरुषले कस्तो खालको नेतृत्वको चाहना गर्छन् भन्ने सन्देश बोकेको अर्को एक महावाणी र त्यसको पद्यानुवाद यस प्रकार रहेको छ:

According to George W.H. Hegel, 'Education is the art of making man ethical.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ :

शिक्षा त्यस्तो कला जल्ले पार्छ मानिस नैतिक
सही शिक्षित मान्छे त के बन्थ्यो र अनैतिक
शिक्षा दीक्षा भए आस्था, निष्ठाको नीति आउँछ
निष्ठा नीति भए मात्रै नेतृत्व लहराउँछ ॥ (३.११३)

स्वच्छ, समुन्नत एवं गतिशील राष्ट्र निर्माणका लागि विश्वका अग्रज, स्वनामधन्य विद्वानहरूले राजनीति सम्बन्धी व्यक्त गरेका थुप्रै महावाणीहरूलाई कविले चयन गरी पद्यानुवाद गरेका छन् । जसमा ३.३९, ३.११४, ३.१४६, ३.१७८, ३.१८१, ३.२१७, ४.१०४.२, ४.१२५.२ र ३, ४.१२७.१, ४.१३७. १ र २ आदि पर्दछन्

## ४.९ शब्दशक्तिपरक सन्देश

अक्षर जो कहिल्यै नाश हुँदैनन् । तिनै अक्षरको संयोगबाट बनेका शब्दको प्रयोग निकै गम्भीर भएर वा सोचेर गर्नुपर्दछ । बोल्दा ध्यान नदिएर बोल्ने मानिस समाजमा प्रतिष्ठित हुन नसक्नाका उदाहरणहरू थुप्रै छन् । क्रुर वा कठोर वचन फलामका गोलीभन्दा बलवान् हुन्छन् । नम्र भएर बोलिएका वचनहरू अमृतमय हुन्छन् । सत्य बोलीबाट नै जीवन सार्थक बन्दछ । ज्ञानविनाको विषयमा प्याच्च बोल्ने बानी पनि राम्रो होइन । शब्द बोल्नुभदा अगाडि गम्भीर भएर विचार गरी बोल्दा मात्र त्यसको अर्थ हुन्छ नत्र भ्यागुता कराएको जस्तो के काम । सत्य वचनहरू पनि सुस्तरी, प्रेमभावसहित, नम्र भएर प्रकट गर्ने बानीको अभ्यास गरौँ । वाग्देवी पनि नम्र भई बोल्ने व्यक्तिकै जिह्वाग्रमा आएर बस्दछिन् ।

आफ्नो मुखबाट प्रवाहित भएका शब्दले आफैलाई समाप्त नपारून् भन्ने अभिप्रायले शब्द छनोट गरी बोल्ने बानी बसालौँ भन्ने भावका थुप्रै महावाणी र तिनका पद्यानुवादहरू छन् । केही मात्र उदाहरणार्थ प्रस्तुत गरिन्छ:

According to Buddha Teachings, 'The tongue has no bone, but it strong enough to break a heart. So, be careful with your words.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ:

जिब्रो कोमल अङ्ग हो मनुजको हड्डी त्यहाँ हुन्छ र ?
बोल्दा क्रुर कठोर भै हृदयमा आघात पार्ला तर
अड्डी कस्नु हुँदैन बोल्न उभिँदा पारेर चर्को स्वर
वाणी नम्र गरेर बोल दुनियाँ हुन्छन् खुसी ईश्वर ॥ (२.४४)

सत् वाणीद्वारा नै जीवन सार्थक हुन्छ भन्दै समस्त साथीहरूलाई सत् वचनका लागि आह्वान गरिएको अर्को एक महत्त्वपूर्ण उदाहरण यसप्रकार रहेको छ:

'If you want to be successful, you must respect one rule: 'Never lie to yourself'.' (Unknown) प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ:

राख्छौ सफलताहेतु चाहना यदि हे सखा
अवश्य मान्नु पर्नेछ पक्का नियम एउटा

ढाँट्ने छैनौ स्वयंलाई कुनै हालतमा पनि
आफैंलाई नढाँटे पो बन्ला सफल जीवनी ॥
(३.१४४)

जीवनमा दुई शब्दको बारम्बार प्रयोग भइरहन्छन् । ती शब्द हुन् म पनि यो काम गर्न सक्छु र ? या म यो काम गर्न सक्छु । यी दुई शब्दको प्रयोग सम्बन्धी एक महावाणी र त्यसको पद्यानुवाद यस प्रकार हेरेको छ:

'Two words that can change the way we approach our life- 'Can I?' or 'I can?'. Think and choose the right option and create a difference in your life.' (Unknown)

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ

बदल्छन् दुइटा शब्द हाम्रो जीवन पद्धति
के म सक्छु र ? या सक्छु व्याप्त पारेर सङ्गति
सुल्टो गति हुँदा होला हाम्रो जीवन सार्थक
उल्टो गति असामान्य अहहा ¤ रोमहर्षक ॥
(३.२२२)

बोल्दा विचार गर्नुपर्ने, प्याच्च बोलेका शब्दले कतै आफैलाई अप्ठ्यारोमा पार्छन् कि भनी ध्यान दिनु पर्ने सन्दर्भको एक महावाणी र त्यसको पद्यानुवाद यसप्रकार रहेको छ:

According to Buddha Teachings, 'Before you speak, let your words pass through three gates: Is it true? Is it necessary? Is it kind.' प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ:

बोल्दा पक्का गरी बोल्नू सत्य हो कि त होइन ?
नबोली नहुने त्यस्तो अनिवार्य पऱ्यो किन ?
बोली मिजासिलो, नम्र छ कि छैन अहो अझैं ?
विचार गरियोस् राम्रो प्याच्च बोल्नु अगाडि नै ॥
(३.२३६)

## ४.१० परोपकारपरक सन्देश

परोपकाराय शतांविभूतयः अर्थात् परोपकार नै सज्जनको सम्पत्ति हो । आफूमा भएको शैक्षिक बल, आर्थिक बल, शारीरिक बल, मानसिक बल, नैतिक बल आदिका माध्यमबाट अरूलाई सकेको सहयोग गर्नु नै परोपकार हो । अर्काको हित हुने कार्य गर्नु मानवको धर्म हो । अर्काको उपकारमा लाग्दा परमानन्द प्राप्त हुने भएकोले यो अमूल्य साधकीय मानव जीवन अर्काकै सेवामा समर्पित होओस् । परोपकारमा लागेको जीवन उत्तम जीवन हो ।

अतः आफू हाँस्नका लागि अरूलाई हँसाउनु आवश्यक छ जस्ता महान् विचारहरूलाई कविले प्रस्तुत गरेका छन् । परोपकारार्थ कविले विद्वान्का महावाणी खोजी गरेर तिनलाई यसरी पद्यानुवाद गरिएको छ ।

According to Albert Einstein, 'Only a life lived for other's is a life worthwhile.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ

अर्काको उपकारनिम्ति भवमा बाँचिन्छ यो जिन्दगी
सोही सार्थक जिन्दगी सँगसँगै जान्छन् समस्या बगी
बाँच्ने स्वार्थनिमित्त मात्र गरिए भो जिन्दगी बाधक
बाँच्ने हो उपकार खातिर सदा होस् जिन्दगी साधक ॥
(२.६२)

उपकार सुखी र खुसी बनाउने एक मात्र उपाय हो । जो मानिस परोपकारमा सदा समर्पित हुन्छ त्यो कहिल्यै दुःखी हुँदैन भन्ने भावको एक अर्को उदाहरण यहाँ प्रस्तुत भएको छ:

According to Dalai Lama, 'Tha purpose of our life is to be happy.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ

सच्चा धेय रहन्छ जीवनभरि प्रत्यक्ष बन्ने सुखी
हाम्रो जीवनको अनन्य धन हो आनन्ददायी खुसी
अर्काको उपकारमा रत हुँदा पाइन्छ राम्रो खुसी
भै सन्तुष्ट सुखी सदा भुवनमा प्राणी नहून् बेखुसी ॥
(२.१२६)

अर्कालाई प्रसन्न पार्न सकियो भने मात्र आफू प्रसन्न भइन्छ । परोपकारमा लागेको जीवन नै उत्तम जीवन हो भन्ने सन्दर्भलाई कविद्वारा यसरी प्रस्तुत गरिएको छ :

According to Mark Twain, 'The best way to cheer yourself up is to try to cheer somebody else up.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ:

आफू नित्य प्रसन्न बन्नु छ भने अर्को हँसाऊ तिमी

अर्को हुन्छ प्रसन्न निश्चित भने हाँस्ने छ तिम्रो जिमी
आफू बन्न खुसी विशिष्ट तरिका यो हुन्छ सर्वोत्तम
लाग्ने नित्य परोपकारतिर नै हो जिन्दगी उत्तम ॥
(२.१३९)

सेवा नै वा अर्काको उपकार गर्नु नै परम आनन्द रहेछ भन्ने भावलाई कविले एक महावाणीको पद्यानुवाद यसरी गरेका छन्:

According to Gordon B. Hinckley, 'The happiest people I know are those who lose themselves in the service of others.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ :

मैले जाने बुझेसम्म सर्वाधिक प्रसन्न जो
सुखी मानिस पाइन्छ परोपकार–कार हो
आफैँलाई हराएर परोपकारमा स्वतः
मरिमेटेर जो लाग्छन् हुन्छन् सुखी र जागृत ॥ (३.२)

परोपकारसँग सम्बन्धित अन्य पद्यहरूमा २.२४४, ३.१, ३.५, ३.९८, आदि रहेका छन् ।

## ४.११ सदाचारपरक एवं मानवतावादी सन्देश

शिष्ट, असल व्यवहार वा असल आचरण नै सदाचार हो । सबै मानवमा समान भावले व्यवहार गर्न प्रेरित गर्ने एक सिद्धान्त नै मानवतावाद हो । यसमा जात, वर्ग, क्षेत्र, लिङ्ग, उच, निच आदि कुनैका आधारमा पनि भेदभाव गरिँदैन । मलाई सञ्चालन गर्ने शक्ति र अरूलाई सञ्चाजन गर्ने शक्ति यौटै हो । हामी उसैको अधीनमा छौँ । आर्थिक बल, शारीरिक बल, शैक्षिक बल, मानसिक बल, पदीय बल आदिका आधारमा गर्व गर्नु बेकार हो । चराचुरुङ्गी, वन्यजन्तु आदिले भौतिक सम्पत्तिको जोहो कहिल्यै गरेनन् । भोलि के खाउँला भनी कहिल्यै चिन्ता गरेनन् । जन्मेपछि समस्त प्राणीहरू मर्नै पर्दछ । यो सत्य हो । क्षणिक र नाशवान् शरीरका भरमा अहङ्कारका पोका बोकेर आफूलाई महान् र अरूलाई तृण बराबर ठान्नु वा यिनीहरू केही होइनन् भन्ने सम्झनु अज्ञान हो । यस्तो अज्ञानको पछि नलागी सदाचारी र मानवतावादी भएर जीवन जिउन सिकौँ भन्ने सन्दर्भका केही महावाणीहरू र तिनका पद्यानुवाद निम्नानुसार प्रस्तुत गरिएको छ:

According to H.L. Menken, 'Honor is simply the morality of superior men.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ:

यो सम्मान भनूँ कि आदर भनूँ सच्चा सदाचार हो
जो छन् आदरणीय नैतिक लिऊन् बाटो सदाचारको
बस्छन् उच्च जहाँ चरित्रबलले मान्छे भई नैतिक
मिल्ला आदरभाव उच्चतहकै सामान्य भै दैनिक ॥
(२.२७६)

मानिसमा आचरण अनुसारको व्यवहार भएन भने प्राप्त गरेका शैक्षिक उपाधिहरू केवल कागजका खोस्टा मात्र हुनेछन् । अतः सदैव सदाचारी बनी जीवनलाई प्रशंसनीय र आनन्ददायी बनाउनु आवश्यक छ भन्ने सन्देशको महावाणी र सो अनुसारको पद्य निम्नानुसार प्रस्तुत छ:

'Your degree is just a piece of paper; your education is seen in your behavior.' (Unknown)

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ

डिग्री मात्र उपाधि–पत्र जनिने खोस्टो छ यो कागज
जे होला व्यवहार–कौशल–कला शिक्षा हुने वस्तुतः
शिक्षाभित्र हुने सदाचरणको आदर्शको संस्कृति
मान्छेको व्यवहार आचरणमा झल्किन्छ शिक्षा–स्थिति ॥
(२.२९३)

सकारात्मक चिन्तन र सद्व्यवहार भएको व्यक्ति ६ वटै ऋतुमा पाक्ने स्वादिलो फलजस्तै हो । उसको अनुहार सूर्यजस्तो चम्किलो, आकर्षक हुन्छ । सबैसँग सुसम्बन्ध कायम गर्छ भन्ने भावको महावाणी र त्यसको अनूदित पद्य यसप्रकार रहेको छ:

'A person with a positive attitude is like a fruit of all seasons.' (Unknown)

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ:

सकारात्मक बानीको व्यक्ति हो स्वादिलो फल
छ ओटै ऋतुमा फल्ने पोसिलो रस शीतल
व्यवहार हुने पक्का, अनुहार समुज्ज्वल
सदा फरासिलो मान्छे राख्छ सम्बन्ध अब्बल ॥
(३.१९०)

मानवतावादी सिद्धान्तका साथ अगाडि बढेर प्रेम, सद्भावका साथ संसारका मानिसहरूमा विश्वबन्धुत्वको भाव फैलाउन सकियोस् । यही नै महत्वपूर्ण उपलब्धि हुन आउँछ भन्ने भावको एक सामग्री तल प्रस्तुत गरिएको छ:

According to Vincent Van Gogh, 'I think that there is nothing more truly artistic than to love people.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ

कलात्मक कुनै कार्य के हुन्थ्यो र यहाँ अरू
जनतासाथको माया, ममता झाङ्गियोस् बरु
सच्चा मनवतावादी सिद्धान्त लिइयोस् स्वयम्
प्रेम, सद्भाव, सौहार्द वसुधैव कुटुम्बकम् ॥ (३.३८)

संसारका सबै मानिसका बीचमा आत्मिक सम्बन्ध कायम होओस्, मानिसले मानिसलाई मानिसकै रूपमा हेरेर मानवीय व्यवहार गर्न सकियोस् । सबै मानिस निर्भय भई हाँसेर बाँच्न पाऊन् भन्ने चिन्तन प्रस्तुत भएको छ ।

## ४.११ नारीवादी सन्देश

नारी नरकी शक्ति हुन् । नारी आमा, पत्नी, सासू, दिदी, बहिनी, छोरी, नातिनी, सानिमा, फुपू, भाउजू आदि हुन् । भनिन्छ जहाँ नारीको पूजा हुन्छ त्यहाँ देवताको वास हुन्छ । हो नारी सम्मानित भएका घरहरूमा सुख, यश, शान्ति छ । अतः समस्त नारीलाई समाजमा सम्मान गरिनु आवश्यक छ । नारी पुरुषका लागि प्रेरक ऊर्जा हुन्, संसारकी अनमोल रत्न हुन्, सृष्टिकर्तृ हुन्, पुरुषको व्यक्तित्व चम्काउने तेज हुन् । परिवार, समाज र राष्ट्र रूपान्तरणका लागि नारी भीषण सङ्घर्ष हुन्, नारी व्यवस्थापन क्षेत्रकी व्यवस्थापिका हुन् । नारीको महिमा अपार छ । कविद्वारा प्रस्तुत कृतिमा नारीको महत्त्वसम्बन्धी विद्वान्का केही महावाणीहरू र तिनका पद्यानुवादहरू प्रस्तुत गरिएको छ, जो निम्नानुसार प्रस्तुत छन् :

According to Jim Carrey, 'Behind every great man is a woman rolling her eyes.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ

नारी हुन् अनमोल रत्न भवकी, सम्भावनाको जग
नारीबाट गरिन्छ जीवन जगत् सारा यहाँ जग्मग
नारीकै सहयोगले पुरुषको व्यक्तित्व हो चम्किने
नारी प्रेरक तत्त्व हुन् पुरुषकी ऊर्जा भरी लम्किने ॥ (२.११४.२)

अर्को एक ठाउँमा नारीको महिमा यसरी गाइएको छ:

According to Diane Merichild, 'A woman is the full circle. Within her is the power to create, nurture and transform.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ

सृष्टिको क्रममा नारी पूर्णतः परिपूर्ण छिन्
सृष्टि, स्थिति, प्रलयका दृष्टिले भरिपूर्ण छिन्
शिशु जन्माउँछिन् नारी, गर्छिन् पालन पोषण
रूपान्तरणका लागि गर्छिन् सङ्घर्ष भीषण ॥ (३.५१.१)

नारीका लागि अवसर प्रदान गरिनुपर्छ, नारीको अदम्य भावनालाई सदैव सम्मान गनुपर्छ, नारीको नेतृत्व पाएमा संस्थाले अवश्य काँचुली फेर्न सक्छ । अतः समस्त नारीलाई क्षमता अनुसारको अवसर प्रदान गरौं भन्ने भावको एक महावाणी र त्यसको पद्यानुवादको एक पद्य निम्नअनुसार प्रस्तुत छ:

According to Alexandria Ocasio Cortez, 'Women like me aren't supposed to run for office.'

प्रस्तुत महावाणीलाई कविद्वारा पद्यमा यसरी अनुवाद गरिएको छ:

व्यवस्थापनका विज्ञ नारी प्रकृतिले स्वतः
नारी विवेकले गर्छन् व्यवस्थापन वस्तुतः
सकारात्मक छन् नारी अदम्य भावनासित
महिला भावनालाई गर्नैपर्छ व्यवस्थित ॥ (३.१३०.४)

अन्ततः वाणीका बान्की शीर्षकको कृतिभित्र मानवीय संवेद्यता, कर्मप्रतिको समर्पण भाव, आध्यात्मिक चेतना, दया, माया, प्रेम, सहानुभूति, करुणा, परोपकारजस्ता मानवीय भवना, बाह्य एवं आन्तिरिक

शुद्धता, पवित्रता, शब्द छनोट र प्रयोग, नेतृत्व वर्गलाई आवश्यक सुझाव आदि मानव जीवनलाई सार्थक पार्न अत्यावश्यक नीति निर्देशनहरू प्रस्तुत गरेर स्वच्छ, समुन्नत एवं गतिशील समाज, राष्ट्र तथा विश्व निर्माण गर्न आवश्यक ज्ञान प्रवाह गरिएको छ।

## ५. निष्कर्ष

केही उखानजस्ता र केही महावाणीजस्ता अङ्ग्रेजी भाषामा लेखिएका वा भनिएका जीवनोपयोगी वाणीहरूलाई कवि प्रह्लाद पोख्रेलले पद्यशैलीमा रूपान्तर गरेर रचिएका सुन्दर पद्यहरूमध्ये नैतिकतासँग सम्बन्धित, मनोवृत्तिसँग सम्बन्धित कर्म तथा ज्ञानसँग सम्बन्धित, प्रेम एवं मित्रतासँग सम्बन्धित, आत्मचिन्तनसँग सम्बन्धित, परोपकारसँग सम्बन्धित, सदाचार र मानवतावादसँग सम्बन्धित, परमानन्दसँग सम्बन्धित, नारीको महिमासँग सम्बन्धित विषयवस्तुलाई मात्रै यहाँ उल्लेख गरिएको छ। यी विषयवस्तुका माध्यमबाट विश्वबन्धुत्वको भाव उद्घाटन गर्न खोजिएको छ। मानिसभित्र अवस्थित दुर्गुणहरू समाप्त पारेर सद्गुणका माध्ययमबाट सदैव कर्मयोगी बनेर समस्त प्राणीको कल्याणका लागि हामी समर्पित बन्न सकौँ। समाजमा सबैका बीचमा आत्मिक सम्बन्ध कायम गरेर सबैको हित हुने कार्यमा समर्पित बनौँ। हाम्रा ऋषिमुनिहरू, संसारका दार्शनिक एवं विद्वानहरू, राजनीतिज्ञहरू, समाजसेवीहरू, पथ द्रष्टाहरू र परोपकारीहरूका आदर्श वाक्यलाई व्यवहारमा रूपान्तरण गरेर सर्वजन हिताय अनि सर्वजन सुखायको मूलमन्त्रलाई व्यवहारमा लागु गर्न सक्यौँ भनेमात्र विश्वको कल्याण हुन्छ । भयरहित परमानन्दको जीवन जिउन पाइन्छ भन्ने सन्देश माथिका सन्दर्भले प्रस्तुत गरेका छन्।

## लेखकको संलग्नता

**Dr. Madhusudan Lamichhane**
Baneshwor Multiple Campus, Shantinagar, Kathmandu

**Dr. Dasarath Neupane**
Baneshwor Multiple Campus, Shantinagar, Kathmandu
neupane.dasarath@gmail.com

## सन्दर्भ सामग्री

1. पोख्रेल, प्रह्लाद (२०८०), वाणीका बान्की ( अङ्ग्रेजी सूक्तिको अनुवाद), काठमाडौँ कोकगाष्ठी।
2. महर्षिवेदव्यासप्रणीतं, श्रीमद्भागवतमहापुराण, (२०७२) गीताप्रेस, गोरखपुर।
3. राई, भक्त (२०७४), पूर्वीय दर्शन, नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र।
4. लामिछाने, मधुसूदन, (२०७१), पण्डित नरेन्द्रनाथ रिमाल प्रणीत महाभारतको विश्लेषण, नुवाकोट, साहित्य प्रतिष्ठान, नेपाल।
5. लुइटेल, खगेन्द्र, (२०६०), कविता सिद्धान्त र नेपाली कविताको इतिहास, कमलादी, काठमाडौं, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।
6. संस्कृत नेपाली बृहत् शब्दकोश, (२०५७), महेन्द्र संस्कृत विश्वविद्यालय बेलझुण्डी, दाङ।
7. श्रीमद्भगवत्गीता, (२०७५), महेश संस्कृत गुरुकुल, देवघाट, तनहूँ।
8. Lamichhane, M., & Neupane, D. (2024). **'पसिनाको घर ' कवितासङ्ग्रहभित्रको पञ्चप्रेम**
   {Panchaprem in the poetry collection "Pasinakoghar"}. International Research Journal of MMC (IRJMMC), 5(1), 24–31. https://doi.org/10.3126/irjmmc.v5i1.62894

**TO CITE THIS ARTICLE**

Lamichhane, M., & Neupane, D. (2024). "वाणीका बान्की" भित्र नीतिपरक सन्देशहरू [Ethical messages within 'Vaanika Baanki']. *International Research Journal of MMC, 5*(4), 169–186. https://doi.org/10.3126/irjmmc.v5i4.70829

**Submitted:** 23 July 2024 **Accepted:** 23 August 2024 **Published:** 30 September 2024

**COPYRIGHT**

©2024 The Author(s). This is an open-access article distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC-BY-NC 4.0), which permits unrestricted use, distribution, and reproduction in any medium, provided the original author and source are credited. See https://creativecommons.org/licenses/by-nc/4.0/

*International Research Journal of MMC (IRJMMC)* is a peer-reviewed open access journal published by Research Management Cell, Makawanpur Multiple Campus, Hetauda